# मधेशी आयोग

## ज्वागल, ललितपुर

पत्र संख्याः २०८२/८३
चलानी नं. :

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५

मितिः २०८२।०६।०२

# प्रेस-विज्ञप्ति

मधेशी आयोगको सातौं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भैसकेको छ। प्रतिवेदनको अवधिमा प्राप्त उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस भएको छ। सातौं वार्षिक प्रतिवेदनमा मधेशी आयोगद्वारा सम्पादित मुख्य मुख्य सिफारिस देहाय बमोजिम रहेका छन्।

सिफारिसहरु :

१. तराईमा हाल देखा परेको खानेपानी समस्या समाधानका लागि सरकारलाई निम्न चार बुँदे सुझाव सिफारिस गरिन्छः

(क) तराई-मधेशमा भूमिगत पानीको सतह घट्दै जानु र पानीका स्रोतहरू सुक्नुको मुख्य कारण चुरे क्षेत्रको अनियन्त्रित दोहन र वन विनाश हो। तसर्थ, चुरे संरक्षणका लागि तत्काल प्रभावकारी कार्यक्रम लागू गरी यसको प्राकृतिक पुनर्भरण क्षमतालाई पुनर्स्थापित गर्न कडा कदम चाल्नुपर्दछ।

(ख) चापाकलको पानीमा आर्सैनिक जस्ता हानिकारक तत्व देखिने हुँदा, सम्पूर्ण नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउन डिप बोरिङ मार्फत निकालिएको पानीलाई प्रशोधन गरी घर-घरमा वितरण गर्ने **"तराई-मधेश खानेपानी सुधार कार्यक्रम"** लाई तीव्रता दिनु आवश्यक छ।

(ग) वर्षातको पानीलाई Water recharge system मार्फत जमिन मुनी पठाउनुपर्ने र संकलन तथा पुनर्भरण प्रणालीलाई हरेक घर र समुदायमा प्रोत्साहन गरिनुपर्छ।

(घ) यस परिप्रेक्ष्यमा सरकारले तत्काल शुद्ध पानीको वैकल्पिक स्रोत पहिचान, वर्षाजल संकलन प्रणालीको प्रवर्द्धन, तथा खानेपानी परियोजनामा दीर्घकालीन योजना र पर्याप्त बजेट विनियोजन गर्नुपर्ने आवश्यकता छ। साथै, प्रदूषण नियन्त्रण र जलस्रोत संरक्षणमा स्थानीय तह, समुदाय र सम्बन्धित निकायबीच समन्वयात्मक कार्य संस्कृति विकास गरी दिगो समाधानतर्फ अग्रसर हुन जरुरी छ।

२. नागरिकता समस्याः

तराई-मधेशमा ठूलो संख्यामा नागरिकहरूले नागरिकता प्रमाणपत्र पाउन सकेका छैनन्।प्रक्रियागत झन्झट, प्रशासनिक ढिलासुस्ती र आवश्यक कागजातको अभावले उनीहरू राज्यबाट प्रदान गरिने सेवा-सुविधाबाट वञ्चित भएका छन्। यसले उनीहरूको शिक्षा, रोजगारी र सम्पत्तिको अधिकारमा समेत असर पारेको छ। सरकारले विशेष टोली परिचालन गरी नागरिकताविहीनहरूको पहिचान गरी सहज रूपमा नागरिकता प्रदान गर्ने व्यवस्था मिलाउनु आवश्यक छ। साथै, जन्मसिद्ध नागरिकका सन्तानले वंशजको नागरिकता पाउने संवैधानिक व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।

३. कृषि तथा सिँचाइ समस्याः

तराई-मधेश कृषि उत्पादनको दृष्टिकोणले महत्त्वपूर्ण भए तापनि सिँचाइको अभाव, मलखादको समयमा अनुपलब्धता र कृषि उपजको उचित बजारको अभाव जस्ता समस्याहरूले किसानहरू मारमा परेका छन्। परम्परागत खेती प्रणाली र आधुनिक प्रविधिको कम प्रयोगले उत्पादकत्व बढाउन सकेको छैन। सरकारले कृषिमा अनुदान, सहुलियत ऋण, सिँचाइ सुविधा विस्तार र कृषि उपजको समर्थन मूल्य तोक्नुपर्छ। साथै, कृषिमा आधारित उद्योगहरूको स्थापना गरी रोजगारी सिर्जना गर्नुपर्छ।

४. डुबान, भडान र बाढीको समस्याः

हरेक वर्ष वर्षायाममा तराई-मधेशका अधिकांश भू-भाग डुबान तथा भडानमा पर्ने गरेका छन्। नेपालको सीमा क्षेत्रमा बनाएका बाँध, तटबन्ध र सडकजस्ता संरचनाले पानीको प्राकृतिक बहाव

रोकिँदा यो समस्या झन् विकराल बनेको छ। यो समस्याको दीर्घकालीन समाधानका लागि छिमेकी मुलुकसँग कूटनीतिक पहल गरी समन्वयात्मक रूपमा काम गर्नुपर्छ। चुरे क्षेत्रको अनियन्त्रित दोहनले पनि बाढी र भू-क्षयको जोखिम बढाएको छ। संघ, प्रदेश र स्थानीय तहको सक्रियतामा चुरे क्षेत्रको दोहनको नियन्त्रण गर्नुपर्छ।

५. **शिक्षामा पहुँच र गुणस्तरको कमीः**

तराई-मधेशमा शिक्षामा पहुँच र गुणस्तर दुवैको अवस्था कमजोर छ, विशेषगरी दलित र महिला समुदायमा गरिबी, सामाजिक चेतनाको कमी र विद्यालयमा भौतिक पूर्वाधारको अभावले धेरै बालबालिका विद्यालय बाहिर छन्। विद्यालयहरुमा दरबन्दि अनुसारको शिक्षक/शिक्षिकाको अभाव, विषयगत र तहगत शिक्षक/शिक्षिका नहुनु, शिक्षक/शिक्षिका र विद्यार्थीहरुको अनुपातमा फरक पर्नु जस्ता समस्यालाई समाधान गरी गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न आवश्यक छ। साथै, मधेशी समुदायको मातृभाषा सहितको संस्कृति र इतिहासलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ।

६. **स्वास्थ्य सेवामा पहुँचको अभावः**

तराई-मधेशका ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच अत्यन्तै न्यून छ। स्वास्थ्य संस्थाको कमी, दक्ष स्वास्थ्यकर्मीको अभाव र गरिबीका कारण मानिसहरू सामान्य रोगको उपचारबाट समेत वञ्चित छन्। विशेषगरी दलित र सीमान्तकृत समुदायका मानिसहरू स्वास्थ्य सेवाबाट बढी प्रभावित छन्। सरकारले ग्रामीण क्षेत्रमा स्वास्थ्य संस्थाको स्थापना, निःशुल्क औषधि वितरण र स्वास्थ्यकर्मीको उचित व्यवस्थापन गर्नुपर्छ।

७. **बेरोजगारी समस्याः**

तराई-मधेशमा बेरोजगारीको समस्या विकराल छ, जसले गर्दा हजारौं युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन्। कृषि क्षेत्रको परम्परागत ढाँचा र औद्योगिक विकासको कमीले रोजगारीका अवसरहरू सिर्जना हुन सकेका छैनन्। सरकारले कृषिमा आधुनिकीकरण, साना तथा मझौला

उद्योगहरूको प्रवर्द्धन र सीपमूलक तालिमहरू सञ्चालन गरी रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ।

८. सामाजिक विभेद र छुवाछुतः

तराई-मधेशमा जातीय विभेदको समस्या अझै पनि विद्यमान छ, कानूनले दण्डनीय मानेको यो कुप्रथालाई जरैदेखि उन्मूलन गर्न सामाजिक चेतना अभियान र कानूनी कारबाहीलाई कडाइका साथ लागू गर्नुपर्छ।

९. लैङ्गिक हिंसा र सशक्तीकरणको कमीः

तराई-मधेशमा लैङ्गिक हिंसा, दाइजो प्रथा, बालविवाह जस्ता सामाजिक कुरीतिहरू अझै पनि व्याप्त छन्। महिलाहरूको शिक्षा, स्वास्थ्य र सम्पत्ति माथिको अधिकार सीमित छ। वैदेशिक रोजगारीले महिलाको निर्णय क्षमतामा केही सकारात्मक प्रभाव पारे पनि समग्र सशक्तीकरणको अवस्था कमजोर छ। सरकारले महिला शिक्षा र सशक्तीकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरी सामाजिक कुरीतिहरू अन्त्य गर्नुपर्छ।

१०. आरक्षण नीतिको प्रभावकारी कार्यान्वयनः

राज्यको मूलप्रवाहमा ल्याउन मधेशी समुदायका पछाडि परेका जातजाती (मधेशी दलित, मधेशी आदिवासी जनजाति, पीछडा वर्ग) र वर्गको घरदैलो सर्भेक्षण गराई जातजातीको लागि ६० प्रतिशत र वर्गको लागि ४० प्रतिशतमा वर्गिकरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति नियमन गर्नुपर्दछ।

११. वातावरणीय प्रदूषण र चुरे संरक्षणः

चुरे क्षेत्रको अनियन्त्रित दोहन र वन विनाशले तराई-मधेशमा वातावरणीय सन्तुलन खलबलिएको छ।यसले गर्दा पानीका मुहानहरू सुक्ने, बाढी, पहिरो र मरुभूमीकरणको समस्या बढ्दै गएको छ। सरकारले चुरे संरक्षणका लागि अझ ठोस योजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। साथै, वातावरणीय प्रदूषण नियन्त्रणका लागि उद्योगहरूलाई प्रभावकारी नियमन र जनचेतना अभिवृद्धि गर्नुपर्छ।

१२. सीमा क्षेत्रका समस्याः

नेपाल-भारत खुला सिमानाका कारण सीमावर्ती क्षेत्रका बासिन्दाहरूले विभिन्न समस्या भोग्नुपरेको छ। सीमा स्तम्भहरूको मर्मतसम्भार नहुनु र सुरक्षा चुनौतीहरू प्रमुख समस्या हुन्। सरकारले सीमा सुरक्षालाई सुदृढ बनाउनुका साथै सीमावर्ती क्षेत्रका बासिन्दाहरूको सुरक्षा र सुविधाका लागि विशेष ध्यान दिनुपर्छ।

१३. लागूऔषध दुर्व्यसनः

तराई-मधेशका युवाहरूमा लागूऔषध दुर्व्यसनको समस्या बढ्दै गइरहेको छ। बेरोजगारी, निराशा र चेतनाको कमीले युवाहरू कुलतमा फस्ने गरेका छन्। यसले उनीहरूको व्यक्तिगत जीवन मात्र नभई परिवार र समाजमा पनि नकारात्मक असर पारेको छ। सरकारले लागूऔषध नियन्त्रणका लागि कडा कदम चाल्नुका साथै युवाहरूलाई सकारात्मक बाटोमा डोर्याउन परामर्श र पुनःस्थापना कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

१४. सरकारी सेवामा मधेशी समुदायको पहुँचः

राज्यका विभिन्न अंगहरूमा मधेशी समुदायको समानुपातिक प्रतिनिधित्व अझै पनि सुनिश्चित हुन सकेको छैन। भाषागत समस्या र सूचनाको अभावले गर्दा धेरै मधेशीहरू सरकारी सेवा र अवसरहरूवाट वञ्चित छन्। सरकारले लोकसेवा आयोग लगायतका सरकारी निकायहरूमा मधेशी समुदायको पहुँच बढाउनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। लोकसेवाले लिइने विभिन्न परीक्षाहरु मातृभाषाहरुमा पनि दिन पाउने व्यवस्था गर्नुपर्दछ।

१५. सांस्कृतिक सम्पदाको संरक्षणः

तराई-मधेशको भाषा, लिपि, संस्कृति, इतिहास र कलाको संरक्षण र प्रवर्द्धनमा राज्यको ध्यान पुग्न सकेको छैन। यी अमूल्य सम्पदाहरू लोप हुने खतरा बढेको छ। सरकारले मधेशी समुदायको सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान र संरक्षणका लागि विशेष कार्यक्रमहरू ल्याउनुका साथै यसलाई राष्ट्रिय पहिचानको अंग बनाउनुपर्छ।

१६. शीत लहर र गर्मीको प्रकोपः

तराई-मधेशका जनता हरेक वर्ष हिउँदमा शीतलहर र गर्मीमा अत्यधिक गर्मीको प्रकोपबाट प्रभावित हुने गरेका छन्। यसबाट विशेषगरी गरिब, विपन्न र वृद्धवृद्धाहरूको स्वास्थ्यमा गम्भीर असर पर्ने र ज्यान समेत जाने गरेको छ। सरकारले शीतलहरको समयमा न्यानो कपडा, स्वास्थ्य शिविर, दाउरा वितरण तथा गर्मीको समयमा समयमै आगलागी नियन्त्रण, स्वास्थ्य शिविर सञ्चालन र सुरक्षित खानेपानी वितरण गर्नुपर्छ।

सरकारले प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षतिबाट बचाउन सुरक्षित आवासको प्रभावकारी व्यवस्था गर्नुको साथै जनचेतना कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ।

१७. कृषिमा यान्त्रिकीकरणको अभावः

तराई-मधेशको कृषि अझै पनि परम्परागत र निर्वाहमुखी छ। कृषिमा यान्त्रिकीकरणको अभावले लागत बढी र उत्पादन कम हुने गरेको छ। साना किसानहरूको लागि उपयुक्त र गुणस्तरीय कृषि यन्त्रहरूको सहज पहुँच छैन। सरकारले कृषि यन्त्रहरूमा अनुदान दिने, सहुलियत दरमा उपलब्ध गराउने र किसानहरूलाई आवश्यक तालिम प्रदान गरी कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नुपर्छ।

१८. सहकारी ठगीः

पछिल्लो समय देशव्यापी रुपमा सहकारी ठगीका घटनाहरू बढिरहेका छन्, जसबाट लाखौं सर्वसाधारणको बचत जोखिममा परेको छ। कमजोर नियमन र राजनीतिक संरक्षणका कारण ठगहरूले सजिलै उन्मुक्ति पाइरहेका छन्। सरकारले सहकारी क्षेत्रको प्रभावकारी अनुगमन गरी बचतकर्ताको रकम सुरक्षित गर्न र ठगीमा संलग्नलाई कडा कारबाही गर्नुपर्छ।

१९. लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समस्याः

लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरू सामाजिक बहिष्करण र विभेदको शिकार भइरहेका छन्। उनीहरूले शिक्षा, स्वास्थ्य, रोजगारी र सम्पत्तिको अधिकारबाट वञ्चित हुनुपरेको छ।

सरकारले उनीहरूको पहिचान र अधिकार सुनिश्चित गर्नका लागि आवश्यक कानून निर्माण गरी सामाजिक चेतना जगाउनु पर्छ।

२०. बसाइँसराइः

पहाडी क्षेत्रबाट तराई-मधेशमा बसाइँसराइको चाप बढ्दो छ, जसले यहाँको सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा असर पारेको छ। यसले गर्दा जमिनको खण्डीकरण, जनघनत्व वृद्धि र स्रोतसाधनमाथि दबाब बढेको छ। सरकारले सन्तुलित विकास नीति अपनाई पहाडी क्षेत्रमा पनि रोजगारी र अवसरहरू सिर्जना गरी बसाइँसराइलाई व्यवस्थित गर्नुपर्छ।

२१. राजनीतिक अस्थिरता र सुशासनको कमीः

राजनीतिक अस्थिरता र सुशासनको कमीले विकास निर्माणका कामहरू प्रभावित भएका छन्।भ्रष्टाचार, नातावाद र कृपावादले गर्दा सरकारी योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। सरकारले राजनीतिक स्थायित्व कायम गरी पारदर्शी र जवाफदेही शासन प्रणाली सुनिश्चित गर्नुपर्छ।

२२. युवा पलायनः

देशभित्र रोजगारीका अवसरहरूको कमी, राजनीतिक अस्थिरता, भविष्यप्रतिको अनिश्चितताले गर्दा ठूलो संख्यामा मधेशी युवाहरू विदेश पलायन भइरहेका छन्। यसले गर्दा देशले दक्ष जनशक्ति गुमाइरहेको छ भने सामाजिक र पारिवारिक संरचनामा पनि नकारात्मक असर परिरहेको छ। सरकारले युवाहरूलाई स्वदेशमै बस्ने र काम गर्ने वातावरण सिर्जना गर्न ठोस नीति र कार्यक्रमहरू ल्याउनु आवश्यक छ।

२३. अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको कार्यान्वयनः

नेपालले हस्ताक्षर गरेका मधेशी समुदायको हकहितसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। यी सन्धि-सम्झौताहरूको कार्यान्वयन पक्षमा जोड दिने र अनुगमन गर्ने कार्यको सुनिश्चितता सरकारको तर्फबाट हुनु आवश्यक छ।

२४. मधेशी आयोगको सबलीकरणः

मधेशी आयोगलाई संवैधानिक रूपमा अधिकारसम्पन्न बनाउनु आवश्यक छ। अपर्याप्त बजेट र जनशक्तिका कारण आयोगले आफ्ना कामकारबाहीहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकेको छैन। सरकारले आयोगलाई आवश्यक स्रोत-साधन उपलब्ध गराई आयोगका सिफारिसहरूको कार्यान्वयनमा गम्भीरता देखाउनुपर्छ, ताकि यसले मधेशी समुदायको हकहितमा ठोस योगदान पुऱ्याउन सकोस्।

२५. भूमिहीन तथा सुकुम्बासी समस्याः

तराई-मधेशमा पुस्तौंदेखि बसोवास गर्दै आएका ठूलो संख्याका दलित र गरिब समुदाय भूमिहीन छन्। भूमिहीन सुकुम्बासीहरूलाई व्यवस्थित बसोबास र जीविकोपार्जनका लागि जमिन उपलब्ध गराउनु राज्यको दायित्व हो। यसका लागि वैज्ञानिक भूमिसुधार लागू गरी वास्तविक भूमिहीनको पहिचान गरी जग्गाधनी पुर्जा वितरण गर्नुपर्छ। साथै, अव्यवस्थित बसोबासीहरूको समस्या समाधानका लागि पनि ठोस योजना ल्याउनु जरुरी छ।

२६. नेपालका प्रमुख मठमन्दिरलाई धार्मिक सर्किटको रुपमा जोड्ने सम्बन्धमाः

पूर्वको पाथिभरा देवी मन्दिर – ताप्लेजुङ, हलेसी महादेव मन्दिर – खोटाङ, वराहक्षेत्र-सुनसरी, कंकालिनी मन्दिर, सखरा भगवति मन्दिर-ससरी, शम्भुनाथ मन्दिर, ससरी, पञ्चाभगवती मन्दिर-लहान, सिराहा, सलहेश फुलवारी, लाहान, सिराहा, सलहेश मन्दिर, सिराहा, जानकी मन्दिर – जनकपुरधाम , धनुषा, जलेश्वर महादेव – महोत्तरी, पशुपतिनाथ मन्दिर – काठमाडौं, स्वयम्भूनाथ स्तुप - काठमाडौं, दक्षिणकाली मन्दिर - फर्पिङ, काठमाडौं, मनकामना मन्दिर – गोरखा, पलान्चोक भगवती -काभ्रेपलानचोक, कालिन्चोक भगवती मन्दिर-दोलखा, चुरियामाई मन्दिर-मकवानपुर, गढिमाई मन्दिर-बारा, देवघाट-चितवन, विन्ध्यवासिनी मन्दिर-पोखरा, मुक्तिनाथ मन्दिर-मुस्ताङ, कालिका भगवती मन्दिर-बाग्लुङ, स्वर्गद्वारी मन्दिर-प्युठान, मौलाकालिका मन्दिर-नवलपरासी, सिद्धवाबा मन्दिर-रूपन्देहि, मायादेवि मन्दिर-कपिलवस्तु, सुपादेउराली मन्दिर-अर्घाखाँची, पाणिनी तपोभूमि-अर्घाखाँची, बागेश्वरी मन्दिर-नेपालगञ्ज, बाँके, देउतीबज्यै-सुर्खेत, बडीमालिका मन्दिर-बाजुरा, शैलेश्वरी मन्दिर-सिलगढी, डोटी, उग्रतारा मन्दिर-डडेल्धुरा, चन्दननाथ मन्दिर, जुम्ला सम्मका प्रमुख

धार्मिक स्थलहरूलाई जोडेर "बृहत् राष्ट्रिय धार्मिक सर्किट" घोषणा गर्न सिफारिस गर्दछ। यो सर्किटले मधेश प्रदेश र पहाडको महत्वपूर्ण धरोहरहरूसँग जोड्नेछ। यसले तराई-मधेश, पहाड र हिमालबीच सांस्कृतिक सद्भाव बढाएर राष्ट्रिय एकतालाई सुदृढ गर्नेछ। साथै, आन्तरिक एवं भारतीय पर्यटकलाई आकर्षित गरि धार्मिक पर्यटन मार्फत रोजगारी वृद्धि हुनुका साथै आर्थिक समृद्धि समेत हुनेछ।

२७. राष्ट्रिय गौरबका आयोजनाको सम्बन्धमाः

हुलाकी राजमार्ग, काठमाडौं-तराई/मधेश द्रुतमार्ग, निजगढको अन्तर्राष्ट्रिय विमानस्थल र सुनकोशी-मरिन डाइभर्सन मधेश प्रदेशको आर्थिक समृद्धिका मेरुदण्ड हुन्। द्रुतमार्गले राजधानीसँगको सहज पहुँच र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलले अन्तर्राष्ट्रिय पहुँच र अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्नेछ। मरिन डाइभर्सनले सिन्चित कृषियोग्य भुमि विस्तार भई कृषि उत्पादनमा क्रान्ति ल्याउनेछ। त्यसैगरी, हुलाकी राजमार्गले मधेशका ग्रामीण क्षेत्रहरूमा सहरीकरणको प्रक्रियालाई व्यवस्थित बनाउँदै कृषि, उद्योग र रोजगारीको अवसर सिर्जना गर्नेछ, र यसका छेउछाउमा औद्योगिक र व्यवसायिक पूर्वाधारहरूको विकासले ग्रामीण अर्थतन्त्रमा स्थायी उन्नति ल्याउने सम्भावना रहेको छ। यी राष्ट्रिय गौरवका आयोजनाहरूको शीघ्र सम्पन्नताले मधेश प्रदेशमा बसोवास गर्ने मधेशी समुदायको साथै उपत्यकावासीहरू, आयोजनावाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभान्वित हुने अन्य जनसंख्याहरुको जीवनस्तर उकास्नुका साथै राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेखनिय टेवा पुग्नेछ। तसर्थ, यी राष्ट्रिय गौरबका आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी तोकिएकै समयमा सम्पन्न गर्नका लागि आवश्यक स्रोत, साधन, जनशक्ति, उच्चत्तम प्रविधि लगायत आवश्यक सबै कदम चाल्न मधेशी आयोग नेपाल सरकारसमक्ष सिफारिस गर्दछ।

२८. विद्युतमा नियमनः-

विद्युतमा नेपाली जनताको पहुँच बढ्दै गएको सन्देश सकारात्मक रहेको छ। तर, विद्युत प्राधिकरणको लापरवाही र जनतामा सचेतनाको अभावले दिनप्रतिदिन मृत्यु हुनेको संख्या बढ्दै

गएको छ। मुलुकमा यो दृश्य/अदृश्य समस्या क्रमशः गम्भिर रुप लिदै गएको छ। खासगरी मधेश प्रदेशमा २०७५ सालदेखि हालसम्म ५०० जना भन्दा बढीले विद्युत प्रवाहको कारण ज्यान गुमाएका छन्। विद्युतका कारण ज्यान गुमाएकाहरुले राज्यबाट पाउनु पर्ने उचित परिपुरण समेत पाएका छैन। राज्य र सरोकारवालाहरुले विद्युत प्राधिकरणलाई अझ बढि जिम्मेवार वनाई र जनतालाई सचेत वनाई यस्ता मानवकृत विपदलाई निर्मुलीकरण गरी पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ।

२९. मधेश प्रदेशमा सिंचाइ समस्या र मरुभूमीकरण समाधानका लागि सुझावहरू:-

हालै मधेश प्रदेशमा मरुभूमीकरण र सिंचाइ समस्याले कृषकहरू र ग्रामीण जनतामा गम्भीर संकट निम्त्याइरहेको छ। यस समस्यालाई समाधान गर्न सरकारले सिंचाइ प्रणालीको सुधार र विस्तारमा प्राथमिकता दिनुपर्छ।कृषकहरुका लागि समयमै मलखाद, विउविजनको उपलब्धता समयमै गर्नुपर्छ। जलस्रोत संरक्षण, ताल तलैया पुनःनिर्माण, र साना-ठूला बाँधहरूको पुनरुद्धारमार्फत पानीको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ। साथै, आधुनिक र प्रभावकारी सिंचाइ प्रविधि जस्तै ड्रिप इरिगेसन र स्प्रिंकलर सिंचाइ प्रवर्द्धन गर्नुपर्नेछ। सरकारले कृषकहरूलाई जल संरक्षण र सिंचाइ व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीय समुदायसँग सहकार्य गर्दै दीगो कृषि विकासका लागि नीति बनाउनुपर्छ। यसरी मात्र मधेश प्रदेशको कृषिक्षेत्रलाई पुनर्जीवित गरी खाद्य सुरक्षा र आर्थिक समृद्धि सुनिश्चित गर्न सकिन्छ। साथै सिचाईका दीर्घकालीन समाधानका लागि सुनकोशी मरिन डाइभर्सनजस्ता ठूला आयोजनाहरूको शिघ्ररुपमा सम्पन्न गर्नुपर्छ।

३०. छठपर्वको विदा सम्बन्धमा:

नेपालको महत्वपूर्ण चाडपर्वहरु मध्ये छठ पर्वमा नेपाल सरकारले दिदै आएको अस्ताउँदो सूर्य (साझको अर्घ) १(एक) दिनको विदालाई बढाई भोलीपल्ट उदाउँदो सूर्य (पारण) को दिन समेत गरी २ (दुई) दिन सार्वजनिक विदा दिन नेपाल सरकार समक्ष आयोग सिफारिस गर्दछ।

३१. खाल्डोमा जमेको पानीमा डुबेर बालबालिकाको मृत्यु हुने सम्बन्धमाः

मधेशमा विकास निर्माणका नाममा जथाभावी माटो तथा वालुवा झिकेर छाडेको खाल्डोमा जमेको पानी, माछापोखरी लगायतमा डुबेर बालबालिकाको ज्यान जाने क्रम बढ्दो छ। त्यस्तै निजी जग्गाबाट माटो तथा ग्राभेल बेचेर छाडिएका खाल्डा प्रमुख कारण रहेका छन्।

वर्षौंसम्म यस्ता खाल्डाहरू पुरिदैनन्। यही कारण यी खाल्डाहरूमा वर्षाको पानी जमेपछि बालबालिकाहरु डुब्ने गर्दछन्। यस्तो समस्या समाधानका लागि स्थानीय तह र जिल्ला समन्वय समितिको भूमिका महत्वपूर्ण रहेको हुन्छ। प्रभावकारी अनुगमन नहुँदा खाल्डा छोड्ने प्रवृत्ति बढेको छ। बालबालिकाको ज्यान जाने गरे पनि मुद्दा चलाएर कारवाही भएको पाइँदैन। जथाभावी खनेको खाल्डो वा पोखरीमा डुबेपनि कारबाहीको लागि बालबालिका डुब्ने घटना न्यूनीकरणका लागि मौजुदा कानुनको प्रभावकारी कार्यान्वयन गर्नुको साथै सचेतना समेत बढाउनुपर्दछ।

३२. मानव बेचबिखन

गरिवी, बेरोजगारी र चेतनाको कमीको फाइदा उठाउँदै मानव तस्करहरूले मधेशका महिला तथा बालबालिकाहरुलाई राम्रो काम र विवाहको प्रलोभन देखाएर छिमेकी तथा अन्य देशहरूमा वेचबिखन गर्ने गरेका छन्। खुला सिमानाले यो अपराधलाई थप सहज बनाएको छ। सीमा नाकाहरूमा प्रहरी र गैरसरकारी संस्थाहरूको सहकार्यमा कडा निगरानी कक्षहरू स्थापना गर्नुपर्छ। शंकास्पद व्यक्तिहरूको आवतजावतमाथि सोधपुछ र निगरानी बढाउनुपर्छ। वेचबिखनविरुद्ध गाउँ-गाउँमा जनचेतना अभियान चलाउनुपर्छ। बेचबिखनमा परेकाहरूको उद्धार र पुनर्स्थापनाका लागि प्रभावकारी संयन्त्र बनाउनुपर्छ र दोषीमाथी कडा कारबाही हुनुपर्छ।

३३. सरुवा रोगको प्रकोप

गर्मी र वर्षायाममा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु, मलेरिया, कालाजार र फोहोर पानीका कारण हुने झाडापखाला, हैजा जस्ता सरुवा रोगहरूको प्रकोप मधेशमा हरेक वर्ष फैलिन्छ। पूर्वतयारी र नियन्त्रणको प्रभावकारी संयन्त्र नहुँदा यी रोगहरूले महामारीको रूप लिन्छन् र धेरैको ज्यान जान्छ। रोग फैलनुअघि नै सरकारले लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान, कीटनाशक औषधि छर्कने, झुल वितरण गर्ने र जनचेतना फैलाउने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। स्वच्छ खानेपानी र सरसफाइमा पहुँच बढाउनु नै यस्ता रोगहरूबाट बच्ने दीर्घकालीन उपाय हो। स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि र परीक्षण किटहरूको पर्याप्त व्यवस्था, पर्याप्त स्वास्थ्यकर्मी र आवश्यकता अनुसार स्वास्थ्य शिविरहरुको संचालन गर्नुपर्छ।

३४. कमजोर स्वास्थ्य पूर्वाधार

मधेशका ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य चौकीहरूको अवस्था दयनीय छ। अधिकांश ठाउँमा दक्ष स्वास्थ्यकर्मी, उपकरण र आवश्यक औषधिहरूको अभाव छ। सामान्य रोगको उपचार वा प्रसूति सेवाका लागि पनि घण्टौं लगाएर सदरमुकाम वा भारतीय शहरहरूमा जानुपर्ने बाध्यता छ, जसले गर्दा कयौंले बाटोमै ज्यान गुमाउँछन्। सरकारले प्रत्येक स्थानीय तहमा कम्तीमा एक सुविधासम्पन्न अस्पताल र प्रत्येक वडामा दक्ष स्वास्थ्यकर्मीसहितको स्वास्थ्य चौकीको व्यवस्था सुनिश्चित गर्नुपर्छ। स्वास्थ्यकर्मीहरूलाई ग्रामीण क्षेत्रमा काम गर्न प्रोत्साहन गर्न विशेष भत्ता र सुविधा दिनुपर्छ। गुणस्तरीय सेवा उपलब्ध गराउन जिल्ला अस्पतालहरूको स्तरोन्नति गरी विशेषज्ञ सहितको सेवा उपलब्ध गराउनुपर्छ।


Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np

३५. कृषि संकट (मल, बीउ, सिँचाइ)

मधेश नेपालको अन्न भण्डार भए पनि यहाँका किसानहरू सधैं समस्यामा छन्। बाली लगाउने बेलामा मल र उन्नत बीउको अभाव हुन्छ। सिँचाइका लागि बनाइएका नहरहरू जीर्ण छन् र आकाशे पानीको भर पर्नुपर्ने बाध्यता छ। यी कारणहरूले गर्दा कृषि उत्पादन लागत बढ्ने तर उत्पादन घट्ने समस्या छ। सरकारले किसानलाई समयमै र सहुलियत दरमा मल तथा बीउ उपलब्ध गराउने विश्वासिलो र गुणस्तरीय वितरण प्रणाली बनाउनुपर्छ। सुनकोशी-कमला डाइभर्सन जस्ता ठूला सिँचाइ आयोजनाहरू छिटो सम्पन्न गर्ने र पुराना नहरहरूको मर्मत-सम्भार गरी बाह्रै महिना सिँचाइको व्यवस्था गर्नुपर्छ। कृषि उपजको बीमा र न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्नुपर्छ।

३६. उखु किसानको भुक्तानी समस्या

मधेशका हजारौं उखु किसानहरूले चिनी मिलहरूलाई उखु बिक्री गरेबापतको भुक्तानी वर्षौंसम्म पाउँदैनन्। हरेक वर्ष भुक्तानीका लागि उनीहरूले आन्दोलन गर्नुपर्ने दुःखद अवस्था छ। यसले किसानहरूलाई ऋणमा डुबाएको छ र उखु खेतीबाटै पलायन हुने अवस्था सिर्जना गरेको छ। सरकारले उखु किसान, चिनी मिल र सरकारी प्रतिनिधि रहने गरी एक स्थायी संयन्त्र बनाउनुपर्छ र उखु खरिद बिक्रिकै वेला तत्कालै भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्छ। समयमा भुक्तानी नदिने उद्योगलाई कानुन अनुसार कडा कारबाही गर्ने व्यवस्थाले मात्र यो समस्याको दीर्घकालीन समाधान हुन्छ।

३७. कृषि उपजको सम्बन्धमा :

धान, चामल, गहुँ, मकै, तरकारी, मसला, आलु, प्याज, माछा, तेलहन, दलहन, आँप लगायतका फलफुल, दुग्धजन्य पदार्थहरुको उत्पादन, भण्डारण, बजारीकरण, विविधिकरण, आधुनिकिकरण सम्बन्धमा रहेका समस्याहरुलाई समाधान गर्न कृषि बीमा, भण्डारणका लागि कोल्ड स्टोर (शित गृह), बिक्रि वितरणका लागि सरकारद्वारा संचालित मन्डी हाउसको व्यवस्था गर्नुपर्छ।

३८. जीर्ण ग्रामीण सडक

मधेशका अधिकांश ग्रामीण सडकहरू धुलाम्मे र हिलाम्मे छन्। वर्षायाममा गाउँहरू सदरमुकामसँग सम्पर्कविच्छेद हुन्छन्, जसले गर्दा सर्वसाधारणलाई आवतजावत गर्न, बिरामीलाई अस्पताल लैजान, विद्यार्थीलाई विद्यालय जान र कृषि उपज बजार पुऱ्याउन समेत कठिन हुने गरेको छ। कमजोर सडक पूर्वाधार विकासको मुख्य बाधक बनेको छ। स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा ग्रामीण सडकहरूलाई कालोपत्रे, ढलान वा ग्राभेल गरी बाह्रै महिना चल्ने बनाउन एक एकीकृत योजना बनाउनुपर्छ। 'एक पालिका, एक मुख्य पक्की सडक' को अवधारणामा काम गर्न सकिन्छ। सडक निर्माणमा गुणस्तर सुनिश्चित गर्न कडा अनुगमन र सार्वजनिक सुनुवाइको व्यवस्था गर्नुपर्छ।

## मधेशी आयोगका कार्यक्रमहरु:

### १. मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज निहित स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत, सामाजिक, धार्मिक तथा जातिय विभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ। यस्तो सोचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ।

नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्वन्धी सोँचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ। मानिस नैतिक रुपमा सफा हुनु पर्दछ, जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउदै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन्। परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता बोध गरी मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि कोशी प्रदेशको सुनसरी जिल्लाको

कोशी गाउँपालिका, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ, धनुषा जिल्लाको जनकपुरधाम, बारा जिल्लाको कलैया, लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको मर्चवार गाउँपालिका, नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका, कपिलवस्तु जिल्लाको यसोधारा गाउँपालिकामा संचालन गरिएको थियो। यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ। उक्त कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरु निम्नानुसार लिपिबद्ध गरिएको छ। साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ।

२. सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

नेपालको संविधानको भावनाको मूल मर्म अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ। नेपाल वहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित मुलुक भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका र पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातीलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्वन गरिएको छ। यस सन्दर्भमा मधेशी जनताको हित रक्षा गर्न क्षमता विकास सशक्तीकरण गरी प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम मधेश र मधेशी समुदायको सर्वाङ्गिण विकासमा टेवा पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ। यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई सशक्तीकरण, रुपान्तरण, सचेतीकरण, संचारीकरण, प्रसारीकरणका माध्यमबाट मुलधारमा ल्याउने ध्येयले कोशी प्रदेशको मोरङ्ग जिल्लाको जहदा, उदयपुर जिल्लाको गाइघाट, मधेश प्रदेशको सप्तरी जिल्लाको कन्चनरुप नगरपालिका, सिराहा जिल्लाको मिर्चैया, धनुषा



Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np

जिल्लाको जनकपुरधाम, महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिका, कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, लुम्बिनी प्रदेशको नेपालगंजको मंगल प्रसाद महिला कलेजमा सम्पन्न गरिएको छ।

## अध्ययन/अनुसन्धान

### १. राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन

मधेशी आयोगद्वारा माघ २०८१ मा प्रकाशित "राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन" ले ब्रह्मज्ञानी राजर्षि जनकको ज्ञान, दृष्टिकोण र बुझाइलाई प्राचीन ग्रन्थहरूको गहिरो अध्ययनका आधारमा प्रस्तुत गरेको छ। ६ अध्यायमा विभाजित यो प्रतिवेदनले जनक दर्शनका मूल सिद्धान्त, ऐतिहासिक विकासक्रम र त्यसका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरूको दार्शनिक विश्लेषण गर्दछ।

यो अध्ययन मधेशी आयोग ऐन, २०७४ को प्रावधानअनुसार तयार पारिएको हो, जसको मुख्य उद्देश्य इतिहास र संस्कृतिको पहिचान, संरक्षण र सम्वर्द्धन गर्नु हो। प्रतिवेदनले वेद र उपनिषद्मा आधारित जनक दर्शनलाई पूर्वीय दर्शनको एक महत्त्वपूर्ण आधार-स्तम्भको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ। जनकका विचारहरू कुनै एउटै लिखित ग्रन्थमा नभेटिए पनि महाभारत, श्रीमद्भागवत, बृहदारण्यकोपनिषद्, र अष्टावक्र गीता जस्ता विभिन्न ग्रन्थहरूमा छरिएर रहेका ज्ञानलाई एकीकृत गरिएको छ।

यस प्रतिवेदनले जनकलाई एक दार्शनिकभन्दा पनि दर्शनको जिज्ञासुका रूपमा प्रस्तुत गरेको छ, जसले व्यवहारवादी अद्वैतवादको अभ्यासबाट मोक्ष प्राप्त गर्न सकिने तर्क अघि सारेका थिए। प्रतिवेदनमा जनक दर्शनको तुलना अन्य भारतीय दर्शनहरू जस्तै सांख्य, योग, न्याय, र वेदान्तसँग पनि गरिएको छ। समग्रमा, यो अध्ययनले मिथिला क्षेत्रको सांस्कृतिक र सामाजिक महत्त्वलाई उजागर गर्दै जनक दर्शनको प्रासंगिकता र प्रभावलाई व्यापक रूपमा विश्लेषण गरेको छ।

# मधेशी आयोग

ज्वाग्ल, ललितपुर

पत्र संख्याः २०८२/८३

चलानी नं. :

फोन नं: ०१-५२६९१८५

टोल फ्रि नं: १६६००११६१८५


२. मधेशी आयोगको ६ वर्षः चूनौती र अवसरहरु

मधेशी आयोग, नेपालले आफ्नो स्थापनाको ६ वर्ष (२०७५-८१) को अवसरमा एक विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गरेको छ। नेपालको संविधानद्वारा मधेशी समुदायको पहिचान, हकहित र सशक्तीकरणका लागि स्थापित यस आयोगले आफ्नो कार्यकालमा विभिन्न अवसर र चुनौतीहरूको सामना गरेको छ।

आयोगले मधेशी समुदायका युवाहरूलाई लक्षित गरी लोकसेवा तयारी कक्षा र "नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा" जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन गरेको छ। यी कार्यक्रमहरूले समुदायमा चेतना अभिवृद्धि र सशक्तीकरणमा योगदान पुऱ्याएका छन्। आयोगले आफ्नो स्थापनाकालदेखि गरेका मुख्य मुख्य कार्यहरूमा मधेशी समुदायको थर सूचीकरण, पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा, विभिन्न संवैधानिक निकायहरूसँग समन्वय, र राज्यमा मधेशी समुदायको पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन प्रकाशन जस्ता महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ।

यद्यपि, आयोगले न्यून स्रोतसाधन, दक्ष जनशक्तिको अभाव र अन्य आयोगहरूसँग कार्यक्षेत्रमा देखिने दोहोरोपना जस्ता चुनौतीहरूको सामना गरिरहेको छ। संवैधानिक रूपमा प्राप्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन र सरकारलाई गरिएका सिफारिशहरूको सुनुवाइ आयोगका लागि प्रमुख चुनौती बनेको छ। यी अवसर र चुनौतीहरूलाई सम्बोधन गर्दै आयोगले मधेशी समुदायको समग्र विकास र राज्यको मूलधारमा उनीहरूको पहुँच सुनिश्चित गर्न निरन्तर प्रयास गरिरहेको छ।

**उजुरीको सम्बन्धमा :**

विभिन्न माध्यमबाट आयोगमा प्राप्त ३७ वटा उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरुलाई केही सहजता भएको छ।

**आयोगको बैठक सम्बन्धमा:**

आयोगको कार्य सम्पादनलाई पारदर्शी र प्रभावकारी बनाउनका लागि विभिन्न २६ वटा बैठकहरू नियमित रूपमा सम्पन्न भएका छन्। यी बैठकहरूमा मधेशी समुदायका सरोकारवालाहरू, विज्ञहरू र नागरिक समाजका प्रतिनिधिहरूसँग गहन छलफल गरी महत्वपूर्ण निर्णयहरू लिइएका छन्।

**प्रेस विज्ञप्तीको सम्बन्धमा:**

हामीले आयोगका गतिविधिहरू र मधेशी समुदायका सरोकारका विषयमा जनचेतना फैलाउन तथा सरकारको ध्यानाकर्षण गराउन विभिन्न १८ वटा प्रेस विज्ञप्तिहरू पनि जारी भएको छ। यसबाट जनमानसमा आयोगको भूमिका र मधेशी समुदायका मुद्दाहरूबारे जानकारी पुऱ्याउन मद्दत पुगेको छ।

मधेशी आयोग
ज्वाफल, ललितपुर

पत्र संख्याः २०८२/८३
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

## उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

### उपलब्धीहरु

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा विभिन्न सरोकारवाला र विज्ञहरुसँग सल्लाह सुझाव लिई कार्य गरेको छ। विभिन्न संवैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएको छ। त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ।

१. राजर्षि जनकदर्शन अध्ययन प्रतिवेदन तयार गरिएको।

२. मधेशी आयोगको ६ वर्ष : अवसर र चुनौती सम्बन्धमा प्रतिवेदन तयार गरिएको।

३. नैतिकवान मधेश र नैतिक शिक्षा कार्यक्रम कोशी प्रदेशको सुनसरी जिल्लाको कोशी गाउँपालिका, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ, धनुषा जिल्लाको जनकपुरधाम, बारा जिल्लाको कलैया, लुम्विनी प्रदेशको रुपन्देही जिल्लाको मर्चवार गाउँपालिका, नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका, कपिलवस्तु जिल्लाको यसोधारा गाउँपालिकामा संचालन गरिएको थियो। यसवाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ।

३. लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यकम कोशी प्रदेशको मोरङ्ग जिल्लाको जहदा, उदयपुर जिल्लाको गाइघाट, मधेश प्रदेशको सप्तरी जिल्लाको कन्चनरुप नगरपालिका, सिराहा जिल्लाको मिर्चैया, धनुषा जिल्लाको जनकपुरधाम, महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिका, कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, लुम्विनी प्रदेशको नेपालगंजको मंगल प्रसाद महिला कलेजमा सम्पन्न गरिएको छ। यसवाट लक्षित वर्गलाई सरकारी सेवामा पहुँचको लागि सकारात्मक विचार सहजीकरण र सम्प्रेषण भएको छ।

४. विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरुलाई केही सहजता भएको छ।

५. विभिन्न प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ। यसबाट अपेक्षित वर्गहरु लाभान्वित भएका छन्।

६. वालविवाह तथा दाइजोप्रथा अन्त्यका लागि मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै जिल्लाका विभिन्न समुदायका धर्मगुरुहरु, वुद्धिजिवीहरु, नागरिक समाजका अगुवा तथा संचारकर्मीहरुसँग गहन अन्तरक्रियात्मक तथा प्रतिवद्धात्मक कार्यक्रम महोत्तरी जिल्लाको वर्दिवासमा सुसम्पन्न भएको छ। जसबाट विभिन्न समुदायका धार्मिक स्थलहरुमा हुने गरेको वालविवाह तथा दाइजोप्रथा निर्मुलीकरणको अभियान संचालन हुनेछ।

७. राजनीतिककर्मी र विज्ञहरुसँग विभिन्न सामाजिक र साँस्कृतिक विषयमा छलफल गरिएको छ। जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ।

८. सामाजिक अभियन्ता तथा नागरिक संगठनहरूसँग छलफल अन्तरक्रिया गरिएको छ। यसमा छुट भएका जातजातिहरु समावेश गरिएका छन्।

९. मिटरव्याजी पिडितहरुको मागको अनुगमन गरी सम्बोधनका लागि सिफारिस गरिएको छ। जसबाट नेपाल सरकार र आन्दोलनरत मिटरव्याजी पिडित बीचमा वार्ता भई समस्या समाधानका लागि सरकारले विभिन्न कार्यहरु गरिरहेका छन। यसका साथै मिटरव्याज पिडितलाई ठोस रुपमा पहिचान गरी लगानीकर्ताहरुसँग छलफल गरी मात्र कानुनी कारवाहीलाई अग्रसारित गर्नुपर्छ।

१०. मधेशका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ।

११. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरूसँग सामुहिक परामर्श गरी प्राप्त समस्या समाधानार्थ सहज भएको छ।

१२. महिला हिंसा, घरेलु हिंसा, धार्मिक द्वन्द्व, वालविवाह तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ, जसबाट समस्याको समाधान गर्न सहज भएको छ।

पत्र संख्याः २०८२/८३
चलानी नं. :
फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५

## समस्या तथा चुनौतीहरु

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पूरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेका छन्। आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन्।

१. बालविवाह, बहुविवाह तथा दाइजोप्रथा अन्त्यका लागि कानुन भएतापनि सो सम्बन्धमा नागरिक सचेतनाको अभावमा तराई मधेशका जिल्लाहरुमा वालविवाह, बहुविवाह तथा दाइजोप्रथा उन्मुलन हुन नसकेको कारणले यसका लागि जनचेतनामूलक कार्यक्रमहरु सरोकारवालाहरुले गर्नुपर्ने देखिन्छ। जसबाट वालविवाह, बहुविवाह तथा दाइजोप्रथा जस्ता कुरीति तथा अपराधहरुमा वन्देज लाग्नेछ।

२. मधेशी समुदायको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा गर्नुपर्ने सुधार सम्वन्धी अध्ययनको लागि प्रर्याप्त वजेटको अभाव रहनु।

३. आयोगको आफ्नो जग्गा र उपयुक्त भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न कठिनाई हुनु।

४. आयोगको काम बढी जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु।

५. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु।

६. मधेशी समुदायको अपेक्षित माग र आयोगबाट प्रवाहित सेवा बीच तालमेलको कमि हुनु।

७. सीमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बाबजुद मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन कठिनाई हुनु।

८. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहनु।

९. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सवै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता, पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु।

१०.पिडितमैत्री, जनमैत्री, समाज र समुदायमैत्री वातावरणको आवश्यकता अनुसार व्यवस्थापन गर्न कठिनाई हुनु।

११.आयोगका कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क तथा समन्वयको कार्यालय बनाउनुपर्नेमा आयोगले सिफारिस गरेता पनि अझै सम्म सो व्यवस्था हुन नसक्नु।

१२.संविधानद्वारा प्रदत्त समानुपातिक-समावेशी आरक्षित पदसंख्याहरुमा विगत पाँच वर्षदेखी सुरक्षा निकायहरु लगायतका निकायहरुमा पदपूर्ति हुन नसक्नुले समुदायमा विश्वासको संकट उत्पन्न हुनु।

१३.मधेशी आयोग लाई "राष्ट्रिय" शब्द थपि राष्ट्रिय मधेशी आयोग अझैसम्म राज्यले नामांकरण गर्न नसक्नु।

## आयोगको अपेक्षा तथा भावी कदमहरुः-

१. मधेशी आयोग ऐन, २०७४ अनुसार "**मधेशी समुदाय**" भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (ड) मा उल्लेखित कार्य मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु

उक्त सुविधाबाट वञ्चित हुनु परेको छ। तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै आयोगलाई बजेट विनियोजन भएमा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ। तदअनुरुप यस आयोगबाट अध्ययन, अनुसन्धान गर्न पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्बन्धी कार्यदल पनि एक रहेकोले सोही बमोजिम मधेश प्रोफाईल निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ। आधाजसो जनसंख्या बसोवास गर्ने मधेशमा अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर अर्थविद, योजनाविद, भूगोलविद, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, वुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका प्रतिनिधि तथा राष्ट्रिय सभाका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यहरुसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सबै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने विषयवस्तुको आधारमा नमूना प्रोफाइलको विकास गरिनेछ। आयोगलाई बजेट विनियोजन भएमा नमूना प्रोफाइल तयार गर्ने कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानुनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्बन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना कानुनी विज्ञ व्यवस्था गर्न साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए बमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडी परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र उल्लेखित कार्यहरुका लागि आयोगमा वजेट विनियोजन भएमा कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।


Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारवाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय रणनीतिक योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमशः कार्यान्वयन गर्दै जाने।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउदै लैजाने।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारवाट अपेक्षा गरेको छ। यसका साथै, मधेशी आयोग ऐन २०७४ को दफा ७ को (ठ) मा संशोधन गरी "उजुरी माथी छानविन गर्ने" अधिकारको प्रत्याभूति गर्नुपर्ने।

९. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दै लैजाने।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउदै लैजाने र मधेश प्रोफाइललाई २०७८ को जनगनणाको प्राथमिक तथ्याङ्क अनुसार अद्यावधिक गर्ने।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वयका लागि नेपाल सरकारमा सिफारिस गर्ने।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान कार्य द्वितीय तथ्याङ्कको आधारमा भएतापनि प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न थप बजेटको अपेक्षा गरेको छ।

१७. आयोगले निरन्तर समस्याहरुका समाधानका लागि सिफारिस गरेतापनि अझैसम्म राज्यले संवेदनशिल हुन नसकेको अवस्था रहेको छ।

१८. संघीय संसदका प्रतिनिधिसभा र राष्ट्रियसभाका समितिहरुले संसदमा नीति निर्माण भन्दा पहिले आयोगसँग मधेशी समुदायको चुनौती र अवसरहरु के के रहेका छन् भन्ने कुराको आयोगको स्थापना भएको सातौ वर्षसम्म गहन छलफल हुन नसकेकोले आगामी आर्थिक वर्षमा संसदमा प्रस्तुत हुने नीति तथा कार्यक्रम भन्दा पूर्व अनिवार्य रुपमा आयोगको सल्लाहकारी भूमिकालाई स्वीकार र अंगिकार गर्नुपर्ने देखिन्छ।

१९. पर्यावरण संरक्षणका लागि नेपाल सरकारले पर्यावरणमैत्री अवस्थाको सृजना गर्नुपर्ने जसबाट वन तथा वातावरण, नदीजन्य व्यवस्थापन तथा जलचरको यथोचित व्यवस्थापन हुनेछ। यसका साथै आपदा, विपदालाई अवसरमा रुपान्तरण हुनेछ।

२०. शिक्षाको आधारभुत तहसम्म अनिवार्य रुपमै मातृभाषामा पठनपाठनको व्यवस्थापन गर्नुपर्ने।

२१. शिक्षा ऐनलाई समाज उपयोगी बनाई शिक्षामा गुणस्तरीय परिवर्तन गरी यूवाशक्ति आय आर्जन तथा समाजमा जिम्मेवारीपूर्ण वातावरण बनोस् जसबाट मुलुक विकासको अग्रगतितिर लम्किनमा सहजता प्रदान हुनेछ। यसका लागि विद्यालयमा मानविय जनशक्ति, भौतिक पूर्वाधार, शैक्षिक सामाग्री विद्यार्थी अनुसारका दरबन्दी र दरबन्दी अनुसारका शिक्षक अविलम्ब व्यवस्था हुनुपर्नेछ।

२२. लक्षित कक्षासम्मका विद्यार्थीहरुलाई दिवाखाजाको कार्यक्रम रहेता पनि सो अनुसारका सम्भव भएसम्म रैथाने/स्थानीय रुपमा उत्पादित वस्तुहरुको प्रयोग गरी गुणस्तरीय तथा स्वास्थ्यवर्द्धक खाजाको व्यवस्थापन अनिवार्य गर्नुपर्दछ।

२३. विद्यालयमा सबै वालवालिकाहरुको पहुँच हुनुपर्ने, नामांकित गरिएका विद्यार्थीहरुको उपस्थिति सकेसम्म सत प्रतिशत हुनुपर्ने, विद्यार्थीको अध्ययनलाई अविरल रुपमा संचालनका लागि व्यवस्था गरिएका छात्रवृतिलाई प्रभावकारी रुपमा वितरण गर्नुपर्ने। विद्यालयमा विद्यार्थीहरुलाई उपस्थितिको लागि अनिवार्यता गर्ने,

२४. प्रभावकारी सुशासनको माध्यमले शिक्षा, यातायातका संशाधन, स्वास्थ्य, खानेपानी सहितका सामाजिक सूचकहरुमा सकारात्मकता ल्याई मुलुकलाई समृद्धितिर डोर्याउनुपर्ने। यसका साथै समाजका अति महत्वपूर्ण वर्ग ज्येष्ठ नागरिकका ज्ञान, सिप र क्षमतालाई सदुपयोग गरी मुलुकको विकासलाई द्रुतगति अगाडि वढाउनुपर्ने तथा ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा प्राप्त गर्ने वर्गहरुले प्राप्त गर्दै आउदै गरेका सामाजिक सुविधाहरुलाई तीनै तहका सरकारले समयमै नियमित रुपमा उपलब्ध गराउदा ती व्यक्तित्वहरुलाई सम्मानको भावनामा वृद्धि हुनेछ तथा जीवनयापनमा सहजता प्राप्त हुनेछ।

# मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्याः २०८२/८३
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

२५. तराई मधेशमा विकराल रहेका विवाहदर्ता, जन्मदर्ता र मृत्युदर्ताको समयावधि ३५ दिन रहेता पनि व्यवहारतः सो समयावधि भित्र घटना दर्ता गरेको देखिदैन। यो अवस्थाको निर्मुलीकरण गर्न स्थानीय सरकारका वडा कार्यालयले स्थलगत वा परिवारगत रुपमा दर्ता हुने गरी व्यवस्था गरेमा घटना दर्ता सम्बन्धी समस्या न्यून हुने देखिन्छ। घटना दर्तालाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सवैले आवश्यक व्यवस्थापनमा ध्यान दिन आयोगको ठम्याई रहेको छ। साथै, प्रविधिको माध्यमबाट तोकिएका म्यादभित्र निशुल्क पञ्जिकरण हुने कानुनी व्यवस्था रहेकोले सो कानुनी व्यवस्थालाई अक्षरसः अंगिकार गर्न तीनै तहका सरकार तथा सरोकारवालाहरुले सामाजिक तथा कानुनी सचेतनाका लागि प्रभावकारी प्रयास गर्नुपर्ने देखिन्छ।

(नरेश राज खरेल)
सचिव